नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४
प्रधान कार्यालय
धर्मपथ, काठमाडौं ।

# प्रेस विज्ञप्ति

## सञ्चालकको नियुक्ति तथा शपथ ग्रहण

यस बैंकमा रिक्त रहेको सञ्चालक समिति सदस्य पदमा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट अर्थ मन्त्रालयका सहसचिव श्री सुमन दाहाल नियुक्त भई आउनुभएको र उहाँले मिति २०७८ आषाढ ७ गतेका दिन सञ्चालक समितिका अध्यक्ष श्री मधु कुमार मरासिनीज्यूबाट सञ्चालक पदको पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रम पश्चात् बैंक सञ्चालक समिति अध्यक्ष श्री मधु कुमार मरासिनीज्यूले नव नियुक्त सञ्चालकलाई सञ्चालक समितिमा स्वागत गर्दै सञ्चालक समितिमा रहेर बैंकको सर्वोपरी हितमा सञ्चालक सदस्य श्री सुमन दाहालको भूमिका महत्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभयो ।

तत पश्चात् नवनियुक्त सञ्चालक सदस्य श्री सुमन दाहालले नेपाल बैंक लिमिटेडको सञ्चालकको जिम्मेवारी निर्वाह गर्न पाएकोमा प्रशन्नता व्यक्त गर्दै आफूले बैंकको हितमा सक्दो योगदान गर्ने वचनवद्धता व्यक्त गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रममा यस बैंक सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, का.मु. नायब प्रमुख कार्यकारी अधिकृत, विभागीय प्रमुखहरु र कम्पनी सचिव समेतको उपस्थिति रहेको थियो ।

काठमाडौं, २०७८ आषाढ ८ गते, मङ्गलबार ।

नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, काठमाडौं

प्रकाशकुमार अधिकारी
प्रवक्ता

फोन नं.: ०१४२३९८८८, ४२४७९९९ | टोल फ्री नं.: १६६००१३७३७३ | फ्याक्स: ९७७-०१-४२२०४१४
ईमेल: info@nepalbank.com.np | वेबसाइट: www.nepalbank.com.np